# जिल्ला समन्वय समितिको कार्यालय
## काठमाडौं ।

☎ ०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या :- २०७४/०७५
चलानी नं.:- ३२१

मिति २०७४/०६/२७.........

**विषयः- संघसंस्था दर्ता/नविकरण सिफारिस सम्वन्धमा ।**

श्री महा/नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं/शंखरापुर/कागेश्वरीमनोहरा/गोकर्णेश्वर/बूढानीलकण्ठ/टोखा/तारकेश्वर/नागार्जुन/चन्द्रागिरी/कीर्तिपुर/दक्षिणकाली, काठमाडौं ।

उपर्युक्त सम्वन्धमा गत विगत देखि संघसंस्था दर्ता/नविकरणका लागि तहाँ नगरपालिका/वडा कार्यालयको सिफारिसको लागि यस कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा सिफारिस हुँदै आएकोमा जिल्ला प्रशासन कार्यालयको मिति २०७४/०६/२६ च.नं. ३८४ को पत्रबाट संस्था दर्ता/नविकरण देहाय बमोजिमको सफारिसका आधारमा गर्ने प्रवन्ध मिलाउन एवं सोही बमोजिम मिति २०७४/०७/०१ गते पश्चात अनिवार्य रुपमा महा/नगरपालिकाहरुबाट जिल्ला प्रशासन कार्यालयका नाममा सिफारिस हुन सम्वन्धित स्थानीय तहलाई पत्राचार हुन पुन: जि.प्र.का.को मिति २०७४/०६/२७ को पत्रबाट लेखी आएको हुंदा सोही बमोजिन महा/नगरपालिकाबाट जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाममा सिफारिस गर्नुहुन अनुरोध गरिन्छ ।

<u>तपशिल</u>

१) **संस्था दर्ता गर्ने सम्वन्धमा :**
क) संस्थाको केन्द्रीय कार्यालय रहने सम्वन्धित नगरपालिकाको सिफारिस लिई दर्ता गर्ने ।

२) **संस्था नविकरण गर्ने सम्वन्धमा :**
क) संस्थाले आफ्नो कार्यक्रम संचालन गर्ने नगरपालिकाको सिफारिसका आधार गर्ने ।
ख) संस्थाले जिल्ला भित्रका १ भन्दा वढी नगरपालिकामा कार्यक्रम संचालन हुने अवस्था रहेमा सबै भन्दा धेरै कार्यक्रम संचालन हुने नगरपालिकाको सिफारिसको आधारमा गर्ने ।
ग) कुनै संस्थाको कुनै वर्ष केही पनि कार्यक्रमहरु संचालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको नगरपालिकाको सिफारिसका आधारमा नविकरण गर्ने ।

(नोट : यस भन्दा अगाडि न.पा. वा वडाबाट सिफारिस भई २०७४ असोजमसान्त भित्र जि.स.स.मा प्राप्त हुने संस्थाहरुको हकमा भने २०७४ असोजमसान्तसम्म जिल्ला समन्वय समितिबाटै जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिनेछ ।)

(गोपाल कुमार अधिकारी)
स्थानीय विकास अधिकारी

**बोधार्थ:**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सामाजिक परिचालन तथा गैसस समन्वय शाखा
सिंहदरबार, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय
बबरमहल, काठमाडौं ।